केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन :४७१९६४४/५/७
एक्स्टेन्सन : १३४५, १३४७
E-mail : psdept@nrb.org.np
Web : www.nrb.org.np

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

पत्र संख्याः भु.प्र.वि/नीति/परिपत्र/०४/०८२/८३ मितिः २०८३/०२/१८

**भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त (बैंक तथा वित्तीय संस्था बाहेक) संस्थाहरु ।**

**विषय : भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८२ को अ. प्रा. निर्देशन नं १२/०८२ मा संशोधन/थप गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८२ को अ. प्रा. निर्देशन नं १२/०८२ मा संलग्न तालिका बमोजिम संशोधन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(डा. सत्येन्द्र तिमिल्सिना)
कार्यकारी निर्देशक

**बोधार्थः**

(१) श्री गभर्नरको कार्यालय ।
(२) श्री डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
(८) श्री वित्तीय जानकारी इकाई, काठमाडौं ।
(९) श्री भुक्तानी सेवा प्रदायक संघ नेपाल, काठमाडौं ।

**यस बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८२ मा संशोधन/थप सम्बन्धमा।**

| क.सं. | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | अ.प्रा. निर्देशन नं. १२/०८२<br><br>(साविकको बुँदा नं १० मा उपरोक्त व्यवस्था राखी हालको बुँदा नं. १० लाई ११ बनाइएको।) | हाल नभएको। | **१०. उपयुक्तताको मापन सम्बन्धी मापदण्ड सम्बन्धमा :**<br><br>(क) संस्थाको सञ्चालन, व्यवस्थापन वा काम कारवाहीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा स्वामित्व हुने, नियन्त्रण गर्ने वा सहभागी हुने वा सोको वास्तविक धनी वा हिताधिकारीको वित्तीय गैरकानूनी आर्जन वा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आपराधिक संलग्नता सम्बन्धमा संस्थाले देहायको अवस्थामा बुँदा (ख) मा उल्लेख भएका विवरण समेत यस विभागमा पेश गर्नुपर्ने छ :-<br><br>(१) चुक्ता पुँजीको पाँच प्रतिशत वा पचास लाख रुपैयाँभन्दा बढीको शेयर वा पुँजी लगानी वा खरिद गर्दा।<br><br>(२) सूचक संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय पद वा तहमा नियुक्ति वा मनोनयन गर्दा।<br><br>(३) पाँच प्रतिशत वा पच्चिस लाख रुपैयाँभन्दा बढीको शेयर वा पुँजीमा वास्तविक धनी वा हिताधिकारी रहँदा।<br><br>(ख) बुँदा नं (क) मा भएको व्यवस्था बमोजिमका कार्यका लागि आवश्यक पर्ने विवरण :-<br><br>(१) सम्बन्धित व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमको मापदण्ड पालनाको स्वघोषणा।<br><br>(२) सम्बन्धित व्यक्तिको नाम, थर, ठेगाना, पारिवारिक विवरण, वास्तविक धनी तथा हिताधिकारीको विवरण।<br><br>(३) नेपाल वा विदेशमा कुनै कसूरमा संलग्न भए वा नभएको घोषणा र भएको भए सोको विस्तृत विवरण र वर्तमान अवस्था।<br><br>(४) कुनै प्रकारको मुद्दा मामिला, अनुसन्धान, वैकल्पिक विवाद समाधानको प्रक्रिया वा न्यायिक वा प्रशासनिक कारवाहीको प्रक्रियामा रहेको लिखित रूपमा जानकारी भएको भए सोको विवरण।<br><br>(५) अदालत वा अधिकारप्राप्त अधिकारीको फैसला वा आदेश बमोजिम तिर्नु, बुझाउनु पर्ने राजस्व, सरकारी बाँकी बक्यौता रहे वा नरहेको विवरण।<br><br>(६) नेपाल वा विदेशमा कर्जा सम्बन्धी कालोसूचीमा परे वा नपरेको विवरण।<br><br>(७) नेपाल र विदेशमा स्वार्थको द्वन्द्व हुन सक्ने अवस्था विद्यमान रहे वा नरहेको विवरण।<br><br>(८) सम्बन्धित व्यक्ति नेपाली नागरिक भए निजको नेपाल बाहिर कुनै सम्पत्ति रहे वा नरहेको वा कुनै सम्पत्तिमा वास्तविक धनी वा हिताधिकारी भए वा नभएको घोषणा। |

यस बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८२ मा संशोधन/थप सम्बन्धमा ।

| | | | |
|---|---|---|---|
| | | | (९) विगतमा संलग्न भएको कार्य, संस्था, प्राप्त भएको जिम्मेदारी, पुरस्कार, सजायको अवस्था, कार्य सफलताको उदाहरण लगायतका विषय खुल्ने सम्वन्धित क्षेत्रको कार्य अनुभव सम्वन्धी विवरण ।<br>(१०)वित्तीय आचरण (फाइनान्सियल साउन्डनेस) सम्वन्धी विवरण ।<br>(ग) यो मापदण्ड प्रारम्भ हुँदाका बखत कायम रहेको व्यक्तिको हकमा बुँदा (ख) बमोजिमको विवरण लिई यस विभागमा पेश गर्नुपर्ने छ । |